नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवस्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

०१ – ६६३४१७८
www.cehrd.gov.np

प. स.०७९/०८०
च. न. ०३

मितिः२०७९।०४।०८

**विषयः साक्षर नेपाल अभियान अन्तर्गत स्थानीय तहका लागि साझेदारीमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमका लागि प्रस्तावना पेस गर्नेसम्वन्धी सुचना ।**

**श्री साक्षर घोषणा हुन बाँकी रहेका स्थानीय तह तथा जिल्ला,**

प्रस्तुत विषयमा यस आ. व. २०७९/०८० को वार्षिक कार्यक्रम अन्तर्गत **साक्षर नेपाल अभियान कार्यक्रम** सञ्चालनका लागि साक्षर घोषणा हुन बाँकी रहेका जिल्ला/स्थानीय तहमा साक्षरताका कार्यक्रमहरु सञ्चालन गरी साक्षर जिल्ला/स्थानीय तह घोषाणा गर्न जिल्ला तथा स्थानीय तहहरुलाई साझेदारीमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत देहायबमोजिम प्रस्तावना आव्हान गरिएको ब्यहोरा निर्णयानुसार अनुरोध छ ।

**<u>प्रस्तावनामा पेश गर्नुपर्ने विवरणहरुः</u>**

(क) गाँउपालिका / नगरपालिकाहरुले आफ्नो सेवाक्षेत्र भित्रका तोकिएको उमेर समूहका निरक्षरहरुको सङ्ख्या अद्यावधिक गरी सञ्चालन गर्नुपर्ने कक्षाको विवरण ।

(ख) साक्षरता कार्यक्रम सञ्चालनको लागि स्थानीय तहको स्रोत व्यवस्थापन सहितको प्रतिवद्धता र कार्ययोजना ।

(ग) स्थानीय तहको प्रमुखको संयोजकत्वमा गठन भएको स्थानीय तह साक्षरता अभियान समितिको साक्षरता कार्यक्रम सञ्चालन र घोषणासम्वन्धी निर्णय र प्रतिवद्धता ।

(घ) साक्षरता कार्यक्रम सञ्चालनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय र वडा कार्यालयहरुको जिम्मेवारी र भूमिका ।

(ङ) प्रस्तावना २०७९ भाद्र मसान्तसम्म यस केन्द्र (**section.nonformal@gmail.com**) मा आइपुग्ने गरी पठाउनुपर्नेछ ।

(च) यस केन्द्रवाट स्वीकृत भएका प्रस्तावनाहरुलाई लागत साझेदारीमा आधारित प्रोत्साहन अनुदान रकम वित्तीय हस्तान्तरण गरिनेछ ।

(छ) साक्षर घोषणा हुन बाँकी रहेका जिल्लाहरुले स्थानीय तहसँग समन्वय र सहकार्य गरी साक्षर जिल्ला घोषणा गर्न सकिने कार्ययोजनासहित प्रस्तावना पेस गर्नुपर्नेछ ।

निलकण्ठ ढकाल
निर्देशक